*Siddhajyoti Interdisciplinary Journal (SIJ)*
Vol. VII, January 2026
(A Peer Reviewed Open Access Research Journal)
ISSN: 2645-8381
Published by Research Management Cell, Siddhajyoti Education Campus, Sindhuli, Nepal

**Article History**: ***Received:*** 30 June 2025; ***Reviewed:*** 30 November 2025; ***Accepted:*** 01 December 2025

# स्नातकोत्तर तहमा अध्ययन गर्ने आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृति

**शक्ति राज नेपाल**
महेन्द्ररत्न क्याम्पस, ताहाचल, त्रिभुवन विश्वविद्यालयमा
ORCiD: https://orcid.org/0009-0009-2631-5530
Email: shakti.nepal@mahmc.tu.edu.np; snepal758@gmail.com
DOI: https://doi.org/10.3126/sij.v7i1.92564

**सार**
प्रस्तुत लेख आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृतिको अध्ययन गर्ने विषयमा केन्द्रित छ । विद्यार्थीको पठन संस्कृतिको अवस्था, प्रभावक तत्त्व, चुनौती, पठन सामग्री रोजाइमा प्राथमिकता र पठन आवृत्तिको अन्वेषण गर्नु प्रस्तुत लेखको उद्देश्य रहेको छ । मिश्रित अध्ययन ढाँचाअन्तर्गत यस लेखमा समानान्तर अध्ययन पद्धतिलाई अपनाइएको छ । स्नातकोत्तर तहमा अध्ययनरत आदिवासी जनजाति विद्यार्थीमध्ये शिक्षाशास्त्र सङ्कायमा अध्ययन गर्ने विद्यार्थीलाई मात्र क्षेत्रगत नमुना छनोट विधिका आधारमा छनोट गरी समानान्तर समयमा तथ्याङ्क सङ्कलन गरिएको छ । अध्ययनको अवधिमा दिनको १ देखि २ घण्टासम्म पठनमा सहभागी हुने, विशेषगरी पाठ्यसामग्रीका पुस्तक छनोटमा पर्ने, मातृभाषाका सामग्रीमा रुचि भए तापनि नेपाली भाषासँगको सहयोगमा मातृभाषी सामग्रीलाई बढी चयन गर्ने, धेरैजसो विद्यार्थीले पाठ्यसामग्रीलाई रोज्ने, भाषा तथा डिजिटल सामग्रीमा पहुँचको कमी एवम् पढाइमा सहकार्य गर्ने, पढ्दा परीक्षामुखी भएर पढ्ने र फुर्सदमा पनि किताब नै छुने प्रवृत्ति विद्यार्थीमा रहेको छ । एकदमै थोरै समय पठनमा संलग्न हुने र उनीहरूलाई सामाजिक सांस्कृतिक पक्षले प्रत्यक्ष प्रभाव पार्ने जस्ता पक्षहरू यस अध्ययनका नतिजाका रूपमा देखिएका छन् । अत : विद्यार्थीको पठन संस्कृतिमा सहभागिता वृद्धि गरी गुणस्तरको अनिवार्य अङ्गका रूपमा अपनाउनका लागि यस लेखको औचित्य रहेको देखिएको छ ।

***मुख्य शब्दहरू :*** आदिवासी जनजाति शैक्षणिकता, पठन आवृत्ति, पठन तत्त्व, पठन संस्कृति, पठन सामग्री र पठन समय

## विषय परिचय

एउटा असल पठन बानीले राम्रो उपलब्धिका लागि अवसर प्रदान गर्दछ । पठन भनेको साक्षर व्यक्तिहरूको ज्ञान आदानप्रदान गर्ने गतिविधि हो । यसले सिकाइ तथा साक्षर समाजको निर्माण गरी विश्वजगत्मा प्रतिस्पर्धा गर्नसक्ने क्षमताको विकास गर्न सक्दछ (सिसुलु, सन् २००४) । पठनलाई भाषाको एउटा महत्त्वपूर्ण सिपका रूपमा पनि अपनाइएको पाइन्छ । यसले लिखित साहित्यमा भएका सामग्रीको पढ्ने कलालाई पनि सङ्केत गर्दछ (शर्मा र पौडेल, २०६८) । यस्तो बानीले व्यक्तिमा पढ्ने, रचनात्मक बन्ने,

*Copyright 2026 © Author(s) This open access article is distributed under a Creative Commons Attribution-Non Commercial 4.0 International (CC BY-NC 4.0) License.*

आलोचक बन्ने, अर्थ निर्माण गर्ने लिखित साहित्यको बोध गरी आफ्ना ज्ञान तथा सिपको वृद्धि गर्न मदत गर्दछ । पढाइले व्यक्तिलाई प्राथमिक सूचना ग्रहण गर्ने मौका प्रदान गर्दछ साथै व्यक्तिको ध्यानकेन्द्रित गरी अध्ययन गर्ने क्षमताको विकासमा पनि मदत गर्दछ ।

पठन संस्कृतिले नवीन ज्ञान, आनन्द र आलोचनात्मक गतिविधिमा संलग्न भई पढ्ने बानीको निरन्तर अभ्यासलाई बुझाउँछ । एटिम (सन् २००८) का अनुसार आधारभूत साक्षरता भनेको व्यक्तिको पढ्ने, लेख्ने र बोल्ने क्षमता हो । यसको मतलव पठन पनि व्यक्तिको एउटा साक्षरता हो । त्यसैगरी "पढ्ने भनेको सिक्ने आधारशीला हो" (गबाडामोसे, सन् २००७) । यसलाई सिकाइको प्रमुख आधारशीला मानिएको छ । "पठनको संस्कृति भनेको पढ्ने नियमित गतिविधि हो" (फेडरल कलेज अफ एजुकेसन, मि.न.) । यसलाई पढाइप्रतिको निरन्तरतासँग जोडेर हेरिन्छ । तसर्थ पढ्ने भनेको लिखित रूपमा, दृश्य वा चित्रात्मक वस्तुसँग सञ्चार र व्यवहार गर्ने जटिल कार्य हो । विद्यार्थीले पढेपछि सन्देश, शब्द, वाक्य, अनुच्छेद र लामो संरचनाका पाठलाई ग्रहण गर्छन् र त्यसपछि सूचनाको गहिराइलाई बुझ्दछन् । अतः पठनलाई लिखित चिह्न र चित्रहरूमा प्रस्तुत गरिन्छ । "पढाइमा विद्यार्थीले पठन कार्यका रूपमा दिइएको जानकारी बुझी अनुवाद गरेर बोध गर्नुपर्ने हुन्छ" (अदिमा, सन् १९९०) । पढ्ने कार्य भनेको सूचनाको सामान्य व्याख्यात्मक प्रक्रियाको प्राप्ति हो । यसले मानसिक गतिविधिका विभिन्न स्तरहरूमा सञ्चालन हुने क्रियाशीलतालाई आधार बनाउँछ ।

पठन संस्कृतिको सम्बन्ध सिकाइ उपलब्धिसँग पनि जोडिन्छ । ग्राम्बेल (सन् २०१५) का अनुसार बलियो पठन संस्कृतिले शैक्षिक उपलब्धिलाई उल्लेखनीय रूपमा बढाउन मदत गर्छ । सिकाइ उपलब्धिलाई शैक्षिक सफलतासँग जोड्न सक्नु पठन संस्कृतिको मुख्य पक्ष हो । "सक्रिय रूपमा पढाइमा संलग्न हुने विद्यार्थीहरूको शैक्षिक सफलताका लागि आवश्यक संज्ञानात्मक र भाषिक सिपहरू विकास गर्ने सम्भावना बढी हुन्छ" (प्रिटोरियस र मोखवेसाना, सन् २००९) । पठन संस्कृतिले संज्ञानात्मक तथा भाषिक सिपको पनि विकासमा मदत पुग्छ । "पठन संस्कृतिले नियमित रूपले शैक्षिक र मनोरञ्जनात्मक गतिविधिका रूपमा पठनलाई वरिपरि राख्ने सामाजिक अभ्यास, मूल्यमान्यता र मनोरञ्जनको शैलीलाई जनाउँछ" (ग्राम्बेल, सन् २०१५) । यसअनुसार पठन संस्कृति भनेको एउटा सामाजिक गतिविधि पनि हो । यसले शब्दावली, स्मरण र आलोचनात्मक सोचलाई वृद्धि गरी चेतनाको स्तरमा पुऱ्याउँछ । त्यसले "शैक्षिक र विश्लेषणात्मक तर्कको विकासमा पनि योगदान पुऱ्याउँछ" (अलेक्ज्यान्डर र फक्स, सन् २०११) । शैक्षिक क्षेत्रको लेखनको चेतनामा पनि पठन संस्कृतिले सहयोग गर्ने देखिन्छ । प्रिटोरियस र मोखवेसाना (सन् २००९) ले पनि "नियमित पढ्ने बानीले विद्यार्थीको गहिरो संज्ञानात्मक विचार र विषयवस्तुको फराकिलो बुझाइलाई प्रवर्द्धन गरेर शैक्षिक सफलतालाई उल्लेखनीय रूपमा प्रभाव पार्न सक्ने बताएका छन्" । तसर्थ विद्यार्थीको ज्ञान, बोध र सिपलाई नै वृद्धि गर्न पठन संस्कृतिले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

नेपाली समाजमा सूचना प्रविधिले प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । त्यसका कारण विद्यार्थी पनि पठनभन्दा मनोरञ्जनतर्फ बढी उत्प्रेरित भएको देख्न सकिन्छ । त्यसले उनीहरूलाई पठनको अन्तरक्रियाभन्दा साथीहरूसँगको विषयान्तर अन्तरक्रियाले अनुत्पादक बनाइराखेको देखिन्छ । त्यस्तो अवस्थालाई पलानी (सन् २०१२) ले एक विनाशकारी अवस्थाका रूपमा लिँदै शैक्षिक विकासमा हानी गर्ने सङ्केतका रूपमा बताएका छन् । यसअनुसार पठन गतिविधिका संलग्न नभएमा सिकाइमा प्रत्यक्ष प्रभाव पर्ने देख्न सकिन्छ । "त्यस किसिमको गतिविधिले राष्ट्रिय उत्कृष्टता तथा प्रतिभाको उत्पादनमा क्षति पुऱ्याउन सक्ने बताइएको छ" ( चिका, सन् २००९) । पठन संस्कृतिमा विद्यार्थीहरूको घट्दो रुचिले देशका लागि गम्भीर समस्या खडा गरेको देखिन्छ । साथै "पठन संस्कृतिले नियमित रूपले शैक्षिक र मनोरञ्जनात्मक गतिविधिका रूपमा पठनलाई वरिपरि राख्ने सामाजिक अभ्यास, मूल्यमान्यता र मनोरञ्जनको शैलीलाई जोड दिन्छ" (ग्राम्बेल, सन् २०१५) । तसर्थ उच्च शिक्षामा पठन संस्कृतिको प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । उच्च शिक्षाको तह भनेको ज्ञान, सिप तथा व्यवहार र चेतना पनि सँगसँगै विकास हुने चरण हो ।

विशेषगरी स्नातकोत्तर तहमा पठनलाई शैक्षिक उपलब्धिको तहका रूपमा लिइन्छ। पठनले शब्दावली, स्मरण र आलोचनात्मक सोचलाई वृद्धि गरी चेतनाको स्तरमा पुऱ्याउँछ । त्यस तहको "शिक्षामा पढाइले जटिल किसिमका अवधारणाहरू संश्लेषण गर्न र विद्वत्तापूर्ण कार्यक्रममा सहभागी हुनका लागि आधारभूत संयन्त्रको काम गर्दछ" (अलेक्जेन्डर र फक्स, सन् २०११) । तसर्थ समृद्ध पठन संस्कृति स्नातकोत्तर तहका विद्यार्थीहरूको शैक्षिक प्रस्तुतिसँग सकारात्मक रूपले सम्बन्धित छ। त्यस सन्दर्भमा "आदिवासी विद्यार्थीहरूले प्रायः प्रणालीगत र सांस्कृतिक अवरोधहरूको सामना गर्छन्। त्यसले उनीहरूको शैक्षिक यात्रालाई असर गर्छ" (ब्याटिस्टे, सन् २०१३) । उनीहरूलाई ऐतिहासिक रूपमा नै सीमान्तकृत भएको महसुस भइरहने हुनाले त्यस कुराले उनीहरूको पठन संस्कृतिलाई पनि प्रभाव पारेको देखिन्छ । उनीहरूको "सांस्कृतिक रूपले उत्तरदायी पठन सामग्रीहरूमा सीमित पहुँच र ऐतिहासिक सीमान्तीकरणले गर्दा पठन संलग्नतालाई असर गर्न सक्छ" ( किर्कनेस र बर्नहार्ट, सन् २००१) । त्यसका लागि "आदिवासी ज्ञानको सम्मान गर्ने समावेशी पठन संस्कृतिको प्रवर्द्धनले सिकाइका परिणाम तथा उपलब्धिहरू वृद्धि गर्न सक्छ" (म्याककिन्ले र स्मिथ, सन् २०१९) । पठन बानी र आदिवासी पहिचानबिच हुने अन्तरक्रियाले महत्त्वपूर्ण भूमिका खेल्छ । "आदिवासी विद्यार्थीहरूलाई उनीहरूका मौलिक सम्पदाअनुरूप पाठ पढ्न प्रोत्साहित गरियो भने उनीहरूको प्रेरणा, सोच र शैक्षिक उपलब्धि बढ्न सक्छ" (बिशप, सन् २००३) ।

आदिवासी समूहहरूले ऐतिहासिक रूपमा सामाजिक र शैक्षिक सीमान्तीकरणको सामना गरेको पाइन्छ। प्रजातन्त्र प्राप्तिपछि सामाजिक, कानुनी र सांस्कृतिक रूपले समावेशी चरित्रको विकास गर्ने उद्देश्य भए तापनि उनीहरूको चेतनाका कारण धेरैपछिसम्म सीमान्तकृत भइरहेको देखिन्छ । पठन सामग्रीहरूले आदिवासी आवाज वा ज्ञानविज्ञानहरू प्रतिविम्बित नगर्दा यो खाडल वा रिक्तता अझ फराकिलो हुँदै जान्छ। त्यसले गर्दा "विद्यार्थीहरूलाई शैक्षिक सामग्रीसँग व्यक्तिगत वा बौद्धिक रूपमा जोडिन गाह्रो हुन्छ" (ब्याटिस्टे, सन् २०१३) । उनीहरूको सिकाइ उपलब्धिमा पठन गतिविधिमा जोडिने सामग्रीले पनि भूमिका खेल्न सक्दछ।

बलियो पठन संस्कृतिका विकासको शैली पनि आदिवासी दृष्टिकोणप्रति संवेदनशील हुनुपर्ने ठानिएको छ। "विविध साहित्यमा बताइएअनुसार विद्यार्थीहरूले आफ्नै संस्कृति र इतिहाससँग प्रतिनिधित्व हुने पाठसँग सहभागिता जनाउन सकेमा उनीहरूको प्रेरणा, सोच र सिकाइका परिणामहरूमा उल्लेखनीय सुधार हुन्छ भन्ने देखाइएको छ" (बिशप, सन् २००३) । त्यसका लागि उनीहरूको ज्ञान र सूचनाका सामग्रीमा पहुँच हुनु जरुरी छ। "त्रिभुवन विश्वविद्यालयका आदिवासी स्नातक विद्यार्थीहरूका लागि उनीहरूको मातृभाषा वा आदिवासी ज्ञान प्रणालीहरू बारे पठन सामग्रीहरूको पहुँच सीमित रहेको छ" (तामाङ, सन् २०२१) । सोही कारणले आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृति प्रभावित भएको गुनासो सुन्न पाइन्छ।

नेपालका सन्दर्भमा राष्ट्रव्यापी रूपमा विद्यालय तथा विश्वविद्यालय तहका विद्यार्थीहरूको पठन संस्कृति प्रवर्द्धन गर्ने कार्यक्रम सञ्चालन गर्ने तथा पढाइलाई आवश्यक महत्त्व नदिइएको अवस्था छ। त्यतिमात्रै होइन त्यस विषयमा अध्ययन तथा अनुसन्धानको मात्रा न्यून रहेको देखिन्छ । त्यस आधारमा हेर्दा विश्वविद्यालयमा अध्ययनरत आदिवासी विद्यार्थीको सिकाइ उपलब्धि प्रभावित भएको सङ्केतित हुन्छ। सोही अवस्थालाई ध्यानमा राखी मूलतः स्नातकोत्तरमा अध्ययनरत नेपाली शिक्षाका आदिवासी जनजाति विद्यार्थीको पढ्ने बानी र पढ्नका लागि सामग्री रोजाइ, पढाइप्रतिको अभिरुचि/मनोवृत्ति, विद्यार्थीको पठन संस्कृति निर्माणमा घरपरिवार र विश्वविद्यालयले निर्वाह गर्ने भूमिकालाई मुख्य समस्या बनाइएको छ भने ती विद्यार्थीका पठन संस्कृतिको अवस्था निरूपण गर्ने उद्देश्य निर्धारण गरिएको छ। पठन संस्कृतिलाई शैक्षिक साक्षरतासँग जोडेर बढी हेर्नुपर्ने हुन्छ । यसका लागि "शैक्षिक साक्षरतालाई प्रोत्साहन गर्ने मार्गदर्शन र जागरणमूलक कार्यक्रमहरू प्रदान गर्नुपर्छ" (थापा र पौडेल, सन् २०२३) । उपर्युक्त पक्षलाई समस्या मानी तयार पारिएको

प्रस्तुत अध्ययनले सम्बद्ध सरोकारवालालाई उपयुक्त सुझाव प्रदान गरी पठन संस्कृतिको विकास गर्न टेवा पुऱ्याउने भएकाले यस लेखको औचित्य रहेको छ ।

## सम्बद्ध पूर्वसाहित्यको अध्ययन

प्रस्तुत शीर्षकसम्बन्धी विभिन्न साहित्यको अध्ययन गर्दा प्राप्त भएका सामग्रीको समीक्षा गरिएको छ । त्यसो गर्दा मुख्यतः थिमेटिक विधिको प्रयोग गरी अनुसन्धानको रिक्तता पहिचान गरिएको छ । त्यस सन्दर्भमा प्रिटोरियस र मोखवेसाना (सन् २००९) ले सक्रिय रूपमा पढ्न संलग्न हुने विद्यार्थीहरूले शैक्षिक सफलताका लागि आवश्यक संज्ञानात्मक र भाषिक सिपहरू विकास गर्ने सम्भावना बढी हुने बताएका छन् । त्यस सन्दर्भमा हेर्दा विद्यार्थीको संज्ञानात्मक पक्षको विकासमा पठन क्रियाकलापले मदत पुऱ्याउने देखिन्छ । त्यसका साथै उच्च शिक्षाको तहलाई ज्ञान, सिप तथा व्यवहार र चेतना पनि सँगसँगै विकास हुने चरणका रूपमा लिइन्छ । त्यसैले (ग्राम्बेल, सन् २०१५) ले पनि पठन संस्कृतिले नियमित रूपमा शैक्षिक र मनोरञ्जनात्मक गतिविधिका रूपमा ग्रहण गरी पठनलाई विद्यार्थीको वरिपरि राख्ने सामाजिक अभ्यास, मूल्यमान्यता र मनोरञ्जनको शैलीलाई जनाउने बताएका छन् । यसैक्रममा उच्च शिक्षाअन्तर्गत स्नातक तहमा पठनलाई शैक्षिक संलग्नता र उपलब्धिको आधारशीलाका रूपमा लिइएको पाइन्छ । यस तहमा पठनले शब्दावली, स्मरण र आलोचनात्मक सोचलाई वृद्धि गरी चेतनाको स्तरमा पुऱ्याउँछ । सोही सन्दर्भमा सोडारी (सन् २०२२) ले पठन संस्कृतिले विद्यार्थीको ज्ञानको भण्डार फराकिलो बनाई उसमा अनुभव र परिपक्वता जस्ता सद्‌गुणको पनि विकास गर्ने कुरा बताएका छन् । पठनले विद्यार्थीको ज्ञानको दायरा वृद्धि गर्न मदत गर्ने देखिएको छ । त्यसैगरी न्यौपाने (सन् २०२४) ले माध्यमिक तह कक्षा नौका विद्यार्थीको पठन संस्कृतिको अध्ययन गर्दै विद्यार्थीको पढाइप्रतिको मनोवृत्ति सकारात्मक रहेको, शिक्षकबाट पठन संस्कृति प्रवर्द्धनका लागि महत्त्वपूर्ण प्रयास भए पनि विद्यालयको पुस्तकालय तथा घरमा पर्याप्त र रुचिअनुसारका सामग्री एवम् पठन संस्कृतिलाई प्रवर्द्धन गर्ने खालको स्पष्ट कार्यक्रम नपाइएको देखाएका छन् । त्यसका साथै विद्यालय र घरमा पनि त्यस किसिमको वातावरण नभएको तथा त्यही बारे सचेत प्रयास हुन नसकेको अवस्थालाई जोड दिएका छन् । परिमाणात्मक अध्ययन विधिको उपयोग गरिएको उनको अध्ययनमा पर्याप्त पठन अभ्यासका कारण आफ्नो पठन क्षमताप्रति आत्मविश्वास बढ्न नसकेको तथा विविध खालका समस्याहरू भोग्न केही विद्यार्थीहरू बाध्य भएको तथा पठन संस्कृति र सिकाइ उपलब्धि बिच सकारात्मक सम्बन्ध रहेको पनि देखाइएको छ ।

नेपालका सन्दर्भमा नीतिगत स्तरमा पठनको महत्त्वलाई मान्यता दिइएको छ । सोही सन्दर्भलाई जोड्दै अधिकारी र गौतम (सन् २०१६) ले त्रिभुवन विश्वविद्यालयका विद्यार्थीहरूले पठनको महत्त्व बुझे तापनि दिगो पठन बानीलाई प्रवर्द्धन गर्ने संरचित कार्यक्रमहरूको अभाव रहेको सङ्केत गरेका छन् । कक्षाकोठाहरू प्रायः व्याख्यानमा आधारित रहेकाले तोकिएको सामग्रीभन्दा बाहिरका पाठहरूसँग विद्यार्थीको संलग्नता सीमित हुन्छ भन्ने देखाउँदै उनीहरूले विद्यार्थीको पठन संस्कृतिको विकासका लागि पाठ्यान्तरभन्दा पाठ्येत्तर विषयलाई जोड दिनुपर्ने सुझाव दिएका छन् । त्यस साहित्यमा विद्यार्थीको पठन संस्कृतिको विकासमा पाठ्यसामग्रीभन्दा पाठ्यत्तर सामग्रीको महत्त्व बढी हुने देखाइएको छ । सोही आशयमा अलेक्जेन्डर एन्ड फक्स (सन् २०११) ले उच्च शिक्षामा पढाइले जटिल किसिमका अवधारणाहरू संश्लेषण गर्न र विद्वत्तापूर्ण कार्यक्रममा सहभागी हुनका लागि आधारभूत संयन्त्रको काम गर्ने बताएका छन् । यसकारण समृद्ध पठन संस्कृति स्नातकोत्तर तहका विद्यार्थीहरूको शैक्षिक प्रस्तुतिसँग सकारात्मक रूपमा सम्बन्धित छ । यसैक्रममा ब्याटिस्टे (सन् २०१३) ले आदिवासी विद्यार्थीहरूले प्रायः प्रणालीगत र सांस्कृतिक अवरोधहरूको सामना गर्छन् भन्दै उनीहरूको शैक्षिक यात्रालाई पठन संस्कृतिको वातावरणले असर गर्ने बताएका छन् । सांस्कृतिक सीमान्तीकरणको कुरा जोड्दै किर्कनेस एन्ड बर्नहार्ट (सन् २००१) ले सांस्कृतिक रूपमा उत्तरदायी पठन सामग्रीहरूमा सीमित पहुँच र ऐतिहासिक सीमान्तीकरणले विद्यार्थीको पठन संलग्नतालाई असर गर्न सक्ने देखाएका छन् । म्याककिन्ले एन्ड

स्मिथ (सन् २०१९) ले आदिवासी ज्ञानको सम्मान गर्ने समावेशी पठन संस्कृतिको प्रवर्द्धनले मात्र सिकाइका परिणामहरू वृद्धि गर्न सक्ने चर्चा गरेका छन् । त्यस सन्दर्भमा बिशप (सन् २००३) ले आदिवासी विद्यार्थीहरूलाई उनीहरूका समुदाय र सम्पदाअनुरूप पाठहरू पढ्न प्रोत्साहित गर्ने हो भने उनीहरूको प्रेरणा, सोच र शैक्षिक उपलब्धिमा वृद्धि हुने बताएका छन् ।

उच्च शिक्षाका सन्दर्भमा त्रिभुवन विश्वविद्यालयमा अध्ययन गर्ने आदिवासी जनजाति विद्यार्थीले पढाइमा देखाउने संलग्नताले पनि उनीहरूको सिकाइमा प्रभाव पारेको देखिन्छ । सोही सन्दर्भलाई जोड्दै सुब्बा (सन् २०१४) तथा गुरुङ एन्ड तामाङ (सन् २०१४) ले त्रिभुवन विश्वविद्यालयमा भर्ना भएका आदिवासी विद्यार्थीहरूले प्रायः भाषाको अवरोध, सांस्कृतिक रूपमा सान्दर्भिक पाठ्यक्रमको अभाव र संस्थाको न्यून सहयोगसँग सम्बन्धित चुनौतीको सामना गर्ने देखाएका छन् । त्यसका साथै विद्यार्थीको पठन र लेखनमा सीमित जोखिमका कारणले त्रिभुवन विश्वविद्यालयका आदिवासी विद्यार्थीहरूको अनुसन्धान र प्रकाशनमा कम प्रतिनिधित्व रहेको पत्ता लगाएका छन् । त्यही पक्षलाई सिकाइसँग जोड्दै ब्याटिस्टे (सन् २०१३) ले पठन सामग्रीहरूले आदिवासी आवाज वा ज्ञानविज्ञानहरू प्रतिविम्बित नगर्दा यो खाडल वा रिक्तता अझ फराकिलो हुँदैजाने बताउँदै उनले विद्यार्थीहरूलाई शैक्षिक सामग्रीसँग व्यक्तिगत वा बौद्धिक रूपमा जोडिन गाह्रो हुने प्रसङ्ग उठाएका छन् । अतः माथिका साहित्यमा बताइएअनुसार विद्यार्थीहरूले आफ्नै संस्कृति र इतिहाससँग प्रतिनिधित्व हुने पाठहरूसँग सहभागिता जनाउने पाइएको छ । पठन संस्कृतिमा वृद्धि गर्न सकेमा उनीहरूको प्रेरणा, सोच र सिकाइका परिणामहरूमा उल्लेखनीय सुधार हुन्छ भन्ने देखाइएको छ । अतः उक्त रिक्तता पहिचान गरी अध्ययनीय विषयको छनोट गर्न, अध्ययनको ढाँचा तयार पार्न तथा सामग्री सङ्कलनका उपकरणको निर्माण गरी तथ्याङ्कको विश्लेषण गर्न पनि माथिका साहित्यहरू उपयोगीसिद्ध बनेका छन् ।


## अध्ययन विधि

प्रस्तुत लेख मिश्रित ढाँचामा आधारित छ । यसमा एकीकृत समानान्तर अध्ययन ढाँचालाई उपयोग गरिएको छ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा शिक्षाशास्त्र सङ्कायको स्नातकोत्तर तहमा अध्ययनरत आदिवासी जनजाति पृष्ठभूमिका विद्यार्थीमध्ये कोठारी (सन् २००४) ले उल्लेख गरेअनुसार अनियमित संरचनाको नमुना छनोटका आधारमा राई, लिम्बू, तामाङ, नेवार, गुरुङ, मगर र शेर्पा विद्यार्थीलाई छनोट गरिएको छ । शिक्षाशास्त्र सङ्कायको तेस्रो सेमेस्टरमा भेटिएका ती पृष्ठभूमिका जम्मा १८ जना विद्यार्थीहरू छनोटमा परेका छन् । उनीहरूमाथि बहुवैकल्पिक प्रश्नावलीका १४ ओटा र सँगसँगै खुला प्रश्नमा आधारित प्रश्नावलीको उपयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई उद्देश्यमा आधारित भई तालिका, चार्ट, लम्बचित्र जस्ता विधिका सहायताले प्रस्तुत गरी विश्लेषण गरिएको छ । बहुप्रतिक्रियामा आधारित तथ्याङ्क र आफ्नो अनुभवलाई पनि समानान्तर रूपमा सँगसँगै उपयोग गरिने भएकाले दुवै ढङ्गका तथ्याङ्कको व्याख्यापश्चात् एकीकृत रूपले निष्कर्ष निर्माण गरिएको छ ।

## व्याख्या र विश्लेषण

प्रस्तुत अध्यनयमा स्नातकोत्तर तहमा अध्ययन गर्ने आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृतिको अवस्था तथा उनीहरूको सिकाइमा पठन संस्कृतिले पारेको प्रभावलाई प्रस्तुत गरिएको छ । उक्त प्रस्तुतिमा सुरुमा परिमाणात्मक तथ्याङ्क अनि गुणात्मक तथ्याङ्कलाई सोद्देश्यमूलक थिममा वर्गीकरण गरिएको छ भने खुला प्रकृतिको प्रतिक्रियालाई भने थिमको निर्माण गरी अघिल्लो उद्देश्यसँग सम्बन्ध जोडिएको छ । साथै समानान्तर अध्ययन ढाँचाको मान्यतालाई अपनाइएकाले व्याख्या र विश्लेषण पनि सँगसँगै गरिएको छ ।


***विद्यार्थीको दैनिक पठन समय र प्राथमिकता***




माथिको लम्बचित्रमा आदिवासी जनजाति विद्यार्थीको दैनिक पठन समय र प्राथमिकतालाई प्रस्तुत गरिएको छ । त्यस तालिकाअनुसार दैनिक १ देखि २ घण्टासम्म पढ्ने विद्यार्थी सबैभन्दा बढी देखिएका छन् भने ३० मिनेटभन्दा पनि कम पढ्ने विद्यार्थी थोरै देखिएका छन् । यद्यपि ३ मिनेटदेखि १ घण्टा तथा २ घण्टाभन्दा बढी पढ्ने विद्यार्थी औसत देखिएका छन् । दैनिक आधा घण्टामात्र पढ्ने विद्यार्थी थोरै देखिए तापनि उनीहरूको पढाइप्रति चासो नभएको पनि बुझ्न सकिन्छ । त्यसैगरी दैनिक २ घण्टाभन्दा बढी पढ्ने विद्यार्थी थोरै देखिएका छन् । विद्यार्थीपिच्छे फरकफरक समयको स्थिति देखिएको छ । उक्त स्थितिलाई पठनप्रति उनीहरूको प्राथमिकताका रूपमा हेरिन्छ । स्नातकोत्तर तहका विद्यार्थीले बढीमा २ घण्टामात्र पठनमा समय दिनु भने न्यून प्राथमिकता रहेको अवस्थाका रूपमा बुझिन्छ । उक्त स्थितिलाई हेर्दा विद्यार्थीहरूको दैनिक रूपले पठन संस्कृति व्यवस्थित हुन नसकेको देखिन्छ ।

***पढ्ने सामग्री रोजाइका क्षेत्र***

प्रस्तुत प्रतिक्रिया चाहिँ सहभागीको बहुप्रतिक्रियामा आधारित छ । हरेक सहभागीले हरेक विकल्प पनि छान्न सक्ने सुविधा दिइएकाले यस उपशीर्षकलाई आवृत्तिका आधारमा व्याख्या गरिएको छ । प्रतिशतलाई नै आवृतिका रूपमा प्रस्तुत गरिएको छ ।




माथिको तथ्याङ्कअनुसार सबैभन्दा धेरै विद्यार्थीहरूले आफ्नो पाठ्यक्रमका पाठ्यपुस्तकमात्र पढ्ने सामग्री रोजेको देखिन्छ । त्यसपछि धर्म संस्कृतिका सामग्री पढ्ने विद्यार्थी पनि अधिक देखिएका छन् । केही विद्यार्थीले साहित्यिक, समाचार वा अनलाइन तथा सामाजिक सञ्जालमा उपलब्ध सामग्रीमा पढ्ने प्रवृत्ति रोजाइमा परेको देखिन्छ । यद्यपि थोरै विद्यार्थीले अन्य विविध प्रकृतिका सामग्री (मिश्रित) पढ्ने रोजाइमा परेको सङ्केत गरेका छन् ।

प्रस्तुत तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृति पाठ्यपुस्तकमा बढी केन्द्रित रहेको देखाउँछ । जहाँ ७०% विद्यार्थीले मात्र पाठ्यक्रमका पाठ्यपुस्तक पढ्ने गरेको पाइएको छ । त्यसले शैक्षिक साक्षरताको आधारभूत पक्षलाई बलियो बनाए तापनि समग्र ज्ञानको दायरा सीमित हुन सक्ने सङ्केत गर्छ । साहित्यिक पुस्तक, समाचार वा अनलाइन सामग्री र सामाजिक सञ्जालमा उपलब्ध सामग्री जस्ता अतिरिक्त सामग्रीहरूको पठनमा कमी आउनुले उनीहरूमा विश्लेषणात्मक सोच, सूचनाको साक्षरता र फराकिलो विश्वदृष्टिकोणको विकासमा बाधा पुग्न सक्ने अवस्था निर्माण गराउँछ । यद्यपि औसतभन्दा माथि विद्यार्थीले धर्मसंस्कृतिसम्बन्धी सामग्रीलाई प्राथमिकता दिनुले उनीहरूमा आफ्नो पहिचान र परम्पराबारे जान्ने जिज्ञासा उच्च रहेको र यसले सकारात्मक, व्यक्तिगत तथा सामाजिक विकासमा टेवा पुग्न सक्ने देखाउँछ । समग्रमा प्रस्तुत तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूलाई पाठ्यपुस्तकमा मात्र सीमित नराखी विविध पठन सामग्रीमा पहुँच बढाउन र आजीवन सिक्ने बानी विकास गर्न प्रोत्साहन गर्नुपर्ने आवश्यकता औँल्याउँछ, जसले उनीहरूको शैक्षिक साक्षरता र समग्र व्यक्तित्व विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउने छ ।

***विद्यार्थीका पठन कार्यको उद्देश्य***

प्रस्तुत उपशीर्षकमा आधारित प्रतिक्रिया पनि बहुप्रतिक्रियामा आधारित भएकाले प्रतिशतलाई आवृत्तिका रूपमा व्याख्या गरिएको छ ।





माथिको वृत्तचित्रमा विद्यार्थीको पठन कार्यका उद्देश्यलाई बहुप्रतिक्रियाका आधारमा प्रस्तुत गरिएको छ । उनीहरूले दिएका बहुप्रतिक्रियालाई आवृत्तिजन्य प्रतिशतका रूपमा अपनाई तथ्याङ्कको व्याख्या गरिएको छ ।

तथ्याङ्कअनुसार सबैभन्दा धेरै विद्यार्थीले आफ्नो शैक्षिक सफलता प्राप्ति गर्ने उद्देश्यले आफूले पढ्ने गरेको बताएका छन् भने केही विद्यार्थीले आफ्नो आत्मविकास गर्ने उद्देश्यले पढ्ने गरेको प्रतिक्रिया दिएका छन् । औसतभन्दा कम विद्यार्थीले मनोरञ्जन लिने उद्देश्य तथा आफ्नो सांस्कृतिक ज्ञान प्राप्त गर्ने उद्देश्यले पठन कार्यमा सहभागी हुने बताएका छन् । त्यसैगरी न्यून विद्यार्थी अन्य विविध प्रकृतिका सूचना लिने उद्देश्यले पठन कार्यमा सहभागी हुने पाइएको छ ।

माथिको तथ्याङ्कअनुसार ३७% विद्यार्थीले शैक्षिक सफलता प्राप्त गर्ने मुख्य उद्देश्यले पढ्ने गरेको पाइनुले उनीहरूमा शैक्षिक उपलब्धि हासिल गर्ने प्रबल चाहना रहेको देखाउँछ, जुन शैक्षिक साक्षरताको आधारभूत पक्ष हो । तर, यसले पठनलाई केवल परीक्षा उत्तीर्ण गर्ने साधनका रूपमा मात्र हेर्ने प्रवृत्तिलाई पनि सङ्केत गर्न सक्छ । त्यसैगरी २१% विद्यार्थीले आत्मविकासको उद्देश्यले पढ्ने गरेको बताउनुले व्यक्तिगत वृद्धि र आत्म-सुधारप्रति सचेतना रहेको जनाउँछ, जसले फराकिलो ज्ञानको दायरा र आलोचनात्मक सोचको विकासमा मद्दत गर्छ । यद्यपि, मनोरञ्जनका लागि पढ्ने (१६%) र सांस्कृतिक ज्ञान प्राप्त गर्ने (१६%) विद्यार्थीको सङ्ख्या बराबर हुनुले पठनलाई ज्ञान आर्जनका साथै मनोरञ्जन र सांस्कृतिक पहिचानसँग पनि जोडेको देखिन्छ, जसले आदिवासी जनजाति विद्यार्थीहरूको हकमा विशेष अर्थ राख्छ । यसले उनीहरूको सामुदायिक र परम्परागत ज्ञानप्रतिको मोहलाई दर्साउँछ । यद्यपि १०% विद्यार्थीले मात्र विविध प्रकृतिका सूचना लिने उद्देश्यले पढ्ने गरेको पाइनुले उनीहरूमा सूचना साक्षरता र अनुसन्धानमुखी पठनको कमी रहेको सङ्केत गर्छ । समग्रमा प्रस्तुत अध्ययनले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृति शैक्षिक सफलतामा केन्द्रित भए पनि आत्मविकास र सांस्कृतिक ज्ञानले पनि यसमा महत्त्वपूर्ण भूमिका खेल्ने गरेको देखाउँछ, तर विविध सूचना र व्यापक ज्ञानका लागि पठनको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकतालाई भने प्रस्ट सङ्केत गरेको देखिन्छ ।


***पठनमा भाषिक सहजताको स्थिति***




उपर्युक्त लम्बचित्रको तथ्याङ्कअनुसार विद्यार्थीहरूको पठन कार्यमा भाषिक सहजता बहुआयामिक देखिएको छ । त्यहाँ एक पञ्चमांश विद्यार्थी (२०%) ले नेपाली भाषालाई पठनमा प्रत्यक्ष सहजताको स्रोत मानेका छन् भने अलि थोरैले नेपाली भाषाले मातृभाषाको पठनमा सहयोग पुऱ्याउने बताएका छन् । सबैभन्दा ठुलो हिस्सा एक तृतीयांशभन्दा बढी विद्यार्थीले नेपाली भाषाको प्रत्यक्ष सहयोगमा मातृभाषामा पढ्न सहज हुने प्रतिक्रिया

दिएका छन् । त्यसले नेपाली र मातृभाषा बिच गहिरो अन्तरसम्बन्धलाई दर्साउँछ । यसका अतिरिक्त न्यून विद्यार्थीले नेपाल भाषामा पठन सहजता महसुस गरेका छन् भने सोहीअनुकूलका विद्यार्थीले नेपाली र अङ्ग्रेजी दुवैमा सहज हुने बताएका छन् । त्यसैगरी थोरैले नेपाली र समुदायको भाषामा सहजताको अनुभव गरेका छन् भने केहीले मगर भाषाले पठनमा सहजता सिर्जना गर्ने सङ्केत गरेका छन् । यसले विद्यार्थीको पठन संस्कृतिका लागि मातृभाषाको महत्त्व, नेपाली भाषाको केन्द्रीय भूमिका र बहुभाषिक सिकाइ वातावरणको आवश्यकतालाई प्रस्ट पार्दछ ।

***विद्यार्थीको पठन संस्कृतिमा सामाजिक तथा सांस्कृतिक भाषाको पक्षले पारेको प्रभाव***





माथिको लम्बचित्रमा आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृतिमा उनीहरूको सामाजिक सांस्कृतिक पक्षले भाषामा पारेको प्रभावलाई प्रस्तुत गरिएको छ । त्यसमध्ये एक पञ्चमांश विद्यार्थीले आफ्नो सामाजिक सांस्कृतिक पक्षले भाषामा प्रभाव नपार्ने बताएको देखिन्छ भने एक दशांश विद्यार्थीले आफ्नो सामाजिक सांस्कृतिक पक्षले शुद्ध उच्चारण गर्न समस्या परेको बताएका छन् । त्यसैगरी न्यून विद्यार्थीले आफ्नो पठनमा त्यस्ता कुनै पनि प्रभावको महसुस नगरेको बताएका छन् । एक पञ्चमांश विद्यार्थीले आफ्नो मातृभाषा तथा रुचिमा प्रभाव पारेकाले पठन पनि प्रभावित भएको देखाएका छन् ।

प्रस्तुत तथ्याङ्कअनुसार १०% विद्यार्थीले शुद्ध उच्चारणमा सामाजिक सांस्कृतिक पक्षका कारण समस्या भोगेको बताएका छन् । त्यसले भाषिक पृष्ठभूमि र उच्चारण बिचको सम्बन्धलाई सङ्केत गर्छ । यद्यपि २०% ले पठनमा कुनै प्रभाव नपरेको र ५% ले कुनै प्रभाव महसुस नगरेको बताएका छन् । त्यसले प्रभावमा एकरूपता नभएको देखाउँछ । यसका साथै १०% विद्यार्थीले सामाजिक सांस्कृतिक पक्षले आफ्नै भाषा तथा पठन रुचिमा नै सामाजिक सांस्कृतिक पक्षको प्रभाव परेको उल्लेख गरेका छन् । त्यस तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूको पठन क्षमता र रुचिमा उनीहरूको सामाजिक सांस्कृतिक पृष्ठभूमिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा भाषिक शुद्धतादेखि लिएर समग्र पठन मनस्थितिमा समेत असर पार्न सक्ने महत्त्वपूर्ण अन्तर्दृष्टि प्रदान गर्दछ ।

***पठनमा सहयोग पुऱ्याउने तत्त्वहरू***


यस उपशीर्षकलाई सहभागी विद्यार्थीको बहुप्रतिक्रियाका रूपमा प्रस्तुत गरिएको छ । उक्त प्रतिक्रियाका आधारमा विद्यार्थीको पठनमा सहयोग पुऱ्याउने तत्त्वको पहिचान गरिएको छ। ती तत्त्वलाई यहाँ लम्बचित्रमा प्रस्तुत गरिएको छ :




माथिको लम्बचित्रमा विद्यार्थीको पठनलाई सहयोग गर्ने तत्त्वहरूलाई प्रस्तुत गरिएको छ। त्यस तथ्याङ्कअनुसार अधिकांश विद्यार्थीले परिवारको समर्थनलाई सहयोगी तत्त्वका रूपमा प्रस्तुत गरेका छन् भने सोही अनुपातका विद्यार्थीले शिक्षकको मार्गदर्शनलाई पठनमा सहयोगी तत्त्वका रूपमा बताएका छन् । त्यसैगरी औसतभन्दा बढी विद्यार्थीहरूले आफ्नो सहपाठी साथीलाई आफ्नो पठनमा सहयोग पुऱ्याउने तत्त्वका रूपमा देखाएका छन् भने सोही आकारका विद्यार्थीले पुस्तकालय वा अनलाइन स्रोतलाई आफ्नो पठनलाई सहयोग गर्ने तत्त्वका रूपमा सङ्केत गरेका छन् । त्यसका साथै न्यून विद्यार्थीले प्रस्तुतभन्दा अन्य पक्षलाई पठनमा सहयोग गर्ने तत्त्वका रूपमा प्रतिक्रिया दिएका छन् ।

प्रस्तुत लम्बचित्रले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृतिलाई बलियो बनाउन विभिन्न पक्षको महत्त्वपूर्ण भूमिका देखाउँछ। तथ्याङ्कअनुसार धेरैजसो विद्यार्थीले परिवारको समर्थनलाई र शिक्षकको मार्गदर्शनलाई पठनमा सबैभन्दा महत्त्वपूर्ण सहयोगी तत्त्व मानेका छन् । त्यसले घर र विद्यालय दुवैको सकारात्मक भूमिका अपरिहार्य रहेको पुष्टि गर्छ। यसका साथै औसतभन्दा बढी विद्यार्थीले सहपाठी साथीलाई र सोही अनुपातका विद्यार्थीले पुस्तकालय वा अनलाइन स्रोतलाई सहयोगी मानेका छन्। त्यसले सामाजिक अन्तरक्रिया र पठन सामग्रीको पहुँचको महत्त्वलाई झल्काउँछ । बाँकी २०% ले अन्य पक्षलाई सहयोगी देखाएका छन् । समग्रमा यस तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूमा पठन संस्कृति विकास गर्न पारिवारिक प्रोत्साहन, शिक्षकको सक्रिय संलग्नता, सहपाठी बिच सिकाइ र आवश्यक पठन स्रोतको उपलब्धता एकीकृत रूपमा आवश्यक रहेको अर्थ दिन्छ।


### पढाइको आवृत्ति र पुस्तक पठनको स्थिति




माथिको वृत्तचित्रमा विद्यार्थीले वर्षभरिमा पढ्ने पुस्तकको आवृत्तिका अवस्थालाई प्रस्तुत गरिएको छ । उक्त तथ्याङ्कअनुसार ३०% विद्यार्थीले एकवर्षमा १५ वटाभन्दा बढी पुस्तक पढ्ने आवृत्ति रहेको पाइएको छ भने १०% विद्यार्थीले वर्षको १०-१५ वटासम्म पुस्तक पढ्ने आवृत्ति रहेको देखिएको छ । त्यसैगरी ६०% विद्यार्थीले वर्षमा ५-१० वटासम्म पुस्तक पढ्ने आवृत्ति रहेको पाइएको छ ।

आदिवासी जनजाति विद्यार्थीहरूको पठन आवृत्तिसम्बन्धी वृत्तचित्रको विश्लेषणले उनीहरूको पठन संस्कृतिमा विविधता रहेको देखाउँछ । तथ्याङ्कअनुसार ६०% विद्यार्थीले वर्षमा ५-१० वटा पुस्तक पढ्ने गरेको पाइएको छ, जसले अधिकांश विद्यार्थीमा मध्यम स्तरको पठन बानी रहेको सङ्केत गर्छ । यद्यपि ३०% विद्यार्थीले वर्षमा १५ वटाभन्दा बढी पुस्तक पढ्ने गरेको पाइनु सकारात्मक पक्ष हो, यसले सक्रिय पठन गर्ने ठूलो समूहको उपस्थितिलाई देखाउँछ । यसका विपरीत १०% विद्यार्थीले मात्र १०-१५ वटा पुस्तक पढ्ने गरेको जनाइएको छ । समग्रमा यो तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूमा पठनको रुचि र अभ्यास फरक-फरक स्तरमा रहेको बुझाउँछ, र अधिकांश विद्यार्थीहरूलाई थप पठन प्रोत्साहन र पहुँचका अवसरको आवश्यकता रहेको देखिन्छ ।


### पठनका लागि सामग्री छनोटको स्थिति



माथिको लम्बचित्रमा विद्यार्थीले पठनका लागि सामग्री छान्ने प्रवृत्तिलाई प्रस्तुत गरिएको छ। उक्त तथ्याङ्कमा ५०% विद्यार्थीले पाठ्यसामग्रीलाई प्राथमिकतामा राख्ने प्रवृत्ति रहेको पाइएको छ भने १०% विद्यार्थीले पाठ्येत्तर सामग्रीलाई पनि ध्यानमा राख्ने प्रवृत्ति रहेको देखिएको छ। त्यसैगरी १०% विद्यार्थीले राजनीतिक सामग्री पनि छनोटमा पर्ने बताएका छन् भने २०% विद्यार्थीले धार्मिक सामग्री पनि छान्ने गरेको प्रवृत्ति देखिएको छ। साथै १०% विद्यार्थीले अन्य किसिमका सामग्री छनोटमा चासो दिने गरेको देखिएको छ।

प्रस्तुत लम्बचित्रले आदिवासी जनजाति विद्यार्थीहरूमा पठनका लागि सामग्री छनोट गर्ने प्रवृत्तिको विविधता देखाउँछ। तथ्याङ्कअनुसार ५०% विद्यार्थीले पाठ्यसामग्रीलाई प्राथमिकतामा राखेको पाइएको छ, जसले शैक्षिक पाठ्यक्रम र परीक्षाकेन्द्रित पठन प्रवृत्तिलाई स्पष्ट पार्छ। यद्यपि २०% विद्यार्थीले धार्मिक सामग्री र १०% ले राजनीतिक सामग्री पनि छान्ने गरेको जनाएका छन्, जसले विद्यार्थीहरूमा आध्यात्मिक र सामाजिक चेतनाको विकासमा रुचि रहेको सङ्केत गर्छ। यसका साथै १०% विद्यार्थीले पाठ्येत्तर सामग्रीलाई (पाठ्यक्रम बाहिरका पुस्तकहरू) र १०% ले अन्य किसिमका सामग्रीलाई छनोटमा चासो दिएको देखाउँछ। समग्रमा प्रस्तुत तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृति केवल शैक्षिक आवश्यकतामा मात्र सीमित नभई धार्मिक, राजनीतिक र सामान्य ज्ञानका विभिन्न क्षेत्रमा पनि फैलिएको अर्थ दिन्छ। यद्यपि अधिकांश सहभागीको ध्यान भने पाठ्यसामग्रीमा नै केन्द्रित रहेको देखिन्छ।

***पठनमा देखिएका चुनौतीहरू***




माथिको वृत्तचित्रमा आदिवासी जनजाति विद्यार्थीको पठनमा देखिएका चुनौतीका क्षेत्रलाई प्रस्तुत गरिएको छ। बहुप्रतिक्रियामा आधारित त्यस तथ्याङ्कअनुसार एक तृतीयांशभन्दा बढी विद्यार्थीले स्रोत सामग्रीको अभावलाई मुख्य चुनौतीका रूपमा देखाएका छन्। सोही अनुपातका विद्यार्थीले डिजिटल पहुँचको कमी हुनुलाई चुनौतीका रूपमा दर्साएका छन्। लगभग एक पञ्चमांश विद्यार्थीले भाषाको समस्याका कारण पठनमा चुनौती देखिएका जनाएका छन् भने त्योभन्दा थोरै विद्यार्थीले आफ्नो समयको अभाव र अन्य किसिमका पक्षलाई आफ्नो पठनमा देखिएका चुनौतीका रूपमा प्रस्तुत गरेका छन्।

प्रस्तुत वृत्तचित्रले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृतिमा रहेका प्रमुख चुनौतीहरूलाई स्पष्ट पारेको छ। यसअनुसार ३१% विद्यार्थीले स्रोत र सामग्रीको अभावलाई र २६% ले डिजिटल पहुँचको कमीलाई मुख्य चुनौतीका रूपमा देखाएका छन्। त्यसले भौतिक र प्रविधिको पहुँचमा ठूलो खाडल रहेको दर्साउँछ। १७% विद्यार्थीका लागि भाषाको समस्या एउटा महत्त्वपूर्ण अवरोधका रूपमा देखिएको छ। त्यसले बहुभाषिक परिवेशमा पठनको जटिलतालाई उजागर गर्छ। यसका साथै १३% ले समयको अभाव र अन्य किसिमका

पक्षहरूलाई चुनौतीका रूपमा प्रस्तुत गरेका छन् । त्यसले विद्यार्थीमा पनि समयको व्यवस्थापन तथा अन्य बाह्य पक्षले प्रभाव पार्ने पक्षलाई देखाउँछ । त्यस तथ्याङ्कले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृतिलाई सुदृढ गर्नका लागि भौतिक स्रोतको उपलब्धता, डिजिटल साक्षरतामा पहुँच र भाषिक अनुकूलन जस्ता बहुआयामिक पक्षहरूमा ध्यान दिनुपर्ने आवश्यकतालाई जोड दिन्छ ।

**पठन संस्कृतिको अवस्थाप्रति विद्यार्थीको दृष्टिकोण**

प्रस्तुत लेखमा पढ्ने बानीलाई नै पठन संस्कृतिका रूपमा प्रस्तुत गरिएको छ । सोही कारणले समानान्तर एकीकृत ढाँचा (क्रस्वेल एन्ड क्रस्वेल, सन् २०२३) अनुसार सहभागीले दिएका लिखित दृष्टिकोणलाई यहाँ प्रस्तुत गरिएको छ । अतः सहभागी विद्यार्थीलाई समानान्तर किसिमले प्रदान गरिएका प्रश्नमध्ये खुला प्रश्नमा दिएका प्रतिक्रियालाई यहाँ जम्मा दुईवटा थिममा प्रस्तुत गरिएको छ ।

***पठन बानी र व्यवहार***

सहभागीले आफ्नो पढ्ने बानीलाई पनि सकारात्मक रूपमा प्रस्तुत गरेका छन् । त्यस प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ :

> हामी पढ्ने भनेर त्यस्तो ठ्याक्कै धेरै समय पढ्दैनौँ । तर पढ्न मन लागेका पुस्तक चाहिँ कतिपय आफ्नो ब्यागमा नै छ भने कतै गएर यसो बस्दा पनि पढ्ने गर्छौं । पढ्दा कोर्सका सामग्रीलाई बढी जोड गर्छौं । किनकि थोरै भए पनि पढियो भने परीक्षामा प्रेसर हुँदैन भन्ने लाग्छ । घरमा पनि सुरुमा त कोर्सकै बुक अगाडि जाइजान्छ ।
>
> (विद्यार्थी-क)

माथिको तथ्यमा विद्यार्थीले पढ्ने प्राथमिकता र सामग्री छनोटका विषयलाई प्रस्तुत गरिएको छ । तथ्याङ्कअनुसार पढ्नका लागि धेरै समय नदिए तापनि आफ्नो परीक्षाका लागि भने पढाइमा चासो राख्ने गरेको देखिन्छ । त्यसका साथै आफ्नो झोलामा पनि किताब नछुट्ने भएकाले फुर्सदमा पढ्नमा नै जोड गर्ने बानी रहेको बताइएको छ । त्यस आधारमा हेर्दा आदिवासी जनजाति विद्यार्थीहरू पढ्नका लागि धेरै समय नदिए पनि परीक्षाका लागि प्रेसर घटाउने योजनामा केन्द्रित हुन्छन् । पढाइमा केन्द्रित हुने भएकाले पुस्तक पनि साथमा नै रहने देखाइएको छ । त्यसको मतलव उनीहरू पठनमा रुचि राख्दछन् भन्ने देखिन्छ ।

***पठनमा सहकार्य***

पढ्नमात्रै होइन समग्र सिकाइका गतिविधिमा विद्यार्थीको सहकार्यमूलक संस्कृतिले सहयोग गर्दछ । त्यस पक्षलाई जोड्दै सहभागी विद्यार्थीले आफ्नो पठन सहकार्यलाई अभिव्यक्त गरेका छन् :

> हामी त बुक पनि साटेर पढ्छौं । तर कतिपय त त्यो नेपालीमा नै लेखे पनि बुझिँदैन पनि रहेछ । फेरि सन्दर्भ फरक परेको हुँदोरहेछ । बरु अङ्ग्रेजीका केही शब्दहरू सामान्य बुझिने रहेछ । आफ्नो भाषामा लेखिएका भए कति रसिलो मानेर पढिन्थ्यो होला । तर सबैले बुझ्ने भाषा नै भनेको हाम्रा लागि नेपाली नै हो । त्यसैले हामीले साथीसँग किताब साटासाट गरेर, नोट कपी साटासाट गरेर नै पढ्ने गर्छौं । यसो गर्दा आनन्द पनि आउने रहेछ । उत्प्रेरणा थपिने रहेछ ।
>
> (विद्यार्थी-ख)

पुस्तक साटासाट गरेर पढ्ने र नोट कपीलाई पनि साझा गरेर पढ्ने संस्कृति रहेको प्रसङ्गलाई सहभागीले बताएको देखिन्छ । उनीहरूलाई नेपाली भाषाले अलिअलि अप्ठ्यारो बनाएको तथा सबैसँग सम्पर्क गर्ने भाषाका रूपमा यसलाई अपनाई सहकार्यमूलक ढङ्गले पढ्नेगरेको पाइएको छ । त्यसो गर्दा पढाइमा आनन्द आउनुका साथै पठन तथा सिकाइमा उत्प्रेरणा मिल्ने पनि बताइएको छ । अतः आदिवासी जनजाति विद्यार्थीहरूमा पठनमा सहकार्यको संस्कृति पनि रहेको देखिन्छ तर पढाइमा धेरै समय नदिने समस्या चाहिँ सबै विद्यार्थीमा रहेको पाइएको छ ।

***पठनको वातावरण***

पठनलाई बानीका रूपमा विकास गर्न यसको वातावरणले पनि प्रभाव पार्ने देखिएको छ। त्यससम्बन्धी प्राप्त प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ :

> अब कोठामा अलिअलि पढ्ने वातावरण त हुन्छ नै । कलेजमा यस्तो अध्ययनभन्दा अन्य सन्दर्भले पठनमा ध्यान दिन सकिँदो रहनेछ । अब डेरा गरेर बस्ने भएकाले आन्तरिक व्यवस्थापनका कुराले बढी प्रभाव पार्छ । फेरि विषय नमिल्ने साथीसँग बस्दा पनि पठन वातावरणमा सहजता नआएको हो कि भन्ने लाग्छ ।
>
> (विद्यार्थी-ग)

माथिको तथ्यअनुसार विद्यार्थीको पठन वातावरण पनि प्रभावित हुने पाइएको छ । कलेजमा पठनभन्दा अन्य किसिमका वातावरण हुने भएकाले पढाइमा ध्यान दिन नसकेको तथा डेरा गरेर बस्नेका लागि विषय नमिल्ने साथी हुँदा पनि पढ्ने वातावरण नमिलेको पक्ष देखिन्छ । कोठामा बस्दा अनेकौँ कुराको व्यवस्थापन आफैँ गर्नुपर्ने कारणले पनि विद्यार्थीको पठन वातावरण प्रभावित भएको देखिन्छ ।

## प्राप्ति र छलफल

प्रस्तुत अध्ययनले आदिवासी जनजाति विद्यार्थीहरूको पठन संस्कृति बारे बहुआयामिक अन्तर्दृष्टि प्रदान गरेको छ । यसले उनीहरूको शैक्षिक सफलता, आत्मविकास, सांस्कृतिक ज्ञान र चुनौतीहरूलाई स्पष्ट पारेको छ । साथै आदिवासी जनजाति विद्यार्थीहरूको पठन प्रवृत्ति मुख्यतः शैक्षिक सफलतामा केन्द्रित रहेको देखाउँछ । अधिकांश विद्यार्थीहरू पाठ्यपुस्तकमा ध्यान केन्द्रित गर्छन् । त्यसले परीक्षा र पाठ्यक्रममा आधारित सिकाइको प्राथमिकतालाई दर्साउँछ । यो प्रवृत्तिलाई प्राज्ञिक साक्षरताका सन्दर्भमा हेर्दा विद्यार्थीहरूले शैक्षिक उपलब्धि हासिल गर्नका लागि तोकिएको पाठ्यसामग्रीमा बढी जोड दिएको बुझिन्छ (बिक्म्यान र अन्य, सन् २०१६) । उनीहरूले बताएअनुसार यस अध्ययनका सहभागी विद्यार्थीले पनि आफ्नो पाठ्यसामग्रीमा नै बढी जोड दिएको देखिन्छ । यद्यपि स्नातकोत्तर तहका विद्यार्थीहरूले पनि पठनमा दैनिक २ घण्टाभन्दा कम समय दिनु चिन्ताजनक पक्ष हो, जसले उनीहरूको पठनलाई न्यून प्राथमिकतामा राखेको सङ्केत गर्छ । त्यस सीमित पठनले विश्लेषणात्मक सोच, सूचनाको साक्षरता र फराकिलो विश्वदृष्टिकोणको विकासमा बाधा पुग्न सक्ने सम्भावनालाई देखाउँछ ।

पठनमा देखिएका चुनौतीहरूमध्ये भाषाको समस्या र डिजिटल सामग्री तथा पहुँचको कमी प्रमुख छन् । आदिवासी जनजाति विद्यार्थीहरूले आफ्नै मातृभाषा र नेपाली भाषा बिच रहेको भिन्नताका कारण पठनमा कठिनाइ महसुस गर्छन् । त्यसले पठन प्रवाहमा अवरोध सिर्जना गर्छ । सोही भाषिक भिन्नताले शैक्षिक कार्यमा जटिलता ल्याउन सक्छ । विद्यार्थीहरूले नयाँ अवधारणाहरू गैर-मातृभाषामा बुझ्न प्रयास गर्छन् । डिजिटल पहुँचको कमीले उनीहरूलाई आधुनिक शैक्षिक स्रोत र अनलाइन सामग्रीबाट वञ्चित गराउँछ । त्यसले ज्ञानको दायरालाई खुम्च्याउँछ र २१औँ शताब्दीको साक्षरता कौशल विकासमा बाधा पुऱ्याउँछ । गुरुङ र तामाङ (सन् २०१४) ले त्रिभुवन विश्वविद्यालयमा भर्ना भएका आदिवासी विद्यार्थीहरूले प्रायः भाषाको अवरोध, सांस्कृतिक रूपमा सान्दर्भिक पाठ्यक्रमको अभाव र न्यूनतम संस्थागत सहयोगसँग सम्बन्धित चुनौतीहरूसँग सामना गर्ने र उनीहरूको शैक्षिक पठन र लेखनमा सीमित जोखिम उठाउनुपर्ने चर्चा गरेका छन् तर यस अध्ययनमा उनीहरू जोखिम उठाउनभन्दा परीक्षामुखी पठनमा बढी केन्द्रित रहेको पाइएको छ । भाषाको अवरोधभन्दा पनि भाषाको सहयोगलाई सहभागीले प्रस्तुत गरेको देखिन्छ । यसका बाबजुद, विद्यार्थीहरूलाई पठनमा पारिवारिक समर्थन (अभिभावक) र शिक्षकको मार्गदर्शन प्रमुख सहयोगी तत्त्वका रूपमा देखिएका छन् । यसले घर र विद्यालय दुवैको सकारात्मक वातावरण र सक्रिय सहभागिताले पठन संस्कृतिलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने पुष्टि गर्छ । शिक्षकको भूमिका विशेषतः बहुभाषिक

कक्षाकोठामा साक्षरता विकासको लागि महत्त्वपूर्ण मानिन्छ (बिक्म्यान र अन्य, सन् २०१६) । सोही मान्यताअनुसार यस अध्ययनमा पनि ८०% सहयोग शिक्षकबाट नै प्राप्त हुने देखाइएको छ। साथै सहपाठीबाट प्राप्त हुने सहयोग पनि उनीहरूको पठन सिकाइमा प्रभावकारी पाइएको छ। त्यसले सहयोगात्मक सिकाइको महत्त्वलाई दर्शाउँछ।

आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृतिमा मातृभाषाको महत्त्वलाई विशेष प्राथमिकतामा राखिएको छ। यसले नेपाली भाषाको केन्द्रीय भूमिकालाई स्वीकार गर्दै मातृभाषाहरूको पठनमा नेपाली भाषाको भूमिकालाई सम्मान गरिनुपर्ने आवश्यकतामा जोड दिन्छ। सामाजिक-सांस्कृतिक पृष्ठभूमिले भाषिक शुद्धतादेखि लिएर समग्र पठन मनस्थितिमा समेत असर पार्न सक्ने भएकाले आदिवासी जनजाति विद्यार्थीहरूको पठन क्षमता र रुचिमा उनीहरूको सामाजिक सांस्कृतिक पक्षको प्रभावलाई बुझेर सोहीअनुसारको शैक्षिक नीति निर्माण गर्नुपर्ने देखिन्छ।

अन्ततः प्रस्तुत अध्ययनले आदिवासी जनजाति विद्यार्थीहरूमा पठनको रुचि र अभ्यास फरक-फरक स्तरमा रहेको देखाउँछ। ब्याटिस्टे (सन् २०१३) ले आदिवासी विद्यार्थीहरूले प्रायः प्रणालीगत र सांस्कृतिक अवरोधहरूको सामना गर्छन् त्यसले उनीहरूको शैक्षिक यात्रालाई असर गर्छ भन्ने चर्चा गरेका छन्। त्यस आधारमा हेर्दा आदिवासी जनजाति विद्यार्थीहरू अधिकांशलाई थप पठन प्रोत्साहन र पहुँचका अवसरको आवश्यकता छ। पढाइमा सहकार्य गर्ने, पढ्दा परीक्षामुखी भएर पढ्ने र फुर्सदमा पनि किताब नै छुने प्रवृत्ति विद्यार्थीमा रहेको देखिएको छ। अतः उनीहरूको पठन संस्कृतिलाई सुदृढ गर्न भौतिक स्रोतको उपलब्धता, डिजिटल साक्षरतामा पहुँच र भाषिक अनुकूलन जस्ता बहुआयामिक पक्षहरूमा एकीकृत रूपमा ध्यान दिनुपर्ने आवश्यकतामा जोड दिन्छ।

## निष्कर्ष

आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृतिलाई उनीहरूको आफ्नो मातृभाषा तथा सामाजिक सांस्कृतिक पक्षले प्रभाव पार्दछ। मगर, राई, गुरुङ तथा शेर्पा विद्यार्थीले आफ्नो भाषाले पठनमा सहजता सिर्जना गर्ने सङ्केत गरेका प्रसङ्गबाट बहुभाषिक सिकाइ वातावरणको आवश्यकतालाई प्रस्ट पार्छ। त्यहाँ मातृभाषालाई पठनको आधारशीलाका रूपमा प्रयोग गर्न सकिन्छ। उनीहरूमा देखिएको बहुभाषिकताको स्थितिले सामग्रीका स्रोतमा विविधता देखाउँदछ तर नेपाली भाषाको केन्द्रीयतामा आफ्नो भाषाका व्यवस्थासँग परिचित हुँदै अघि बढ्नुपर्ने देखिन्छ। यस आधारमा हेर्दा हरेक विद्यार्थीको पठन संस्कृति अनेकौं पक्षबाट प्रभावित छ। विद्यार्थीको पठन संस्कृतिमा उनीहरूको पारिवारिक, सामाजिक, सांस्कृतिक तथा विश्वविद्यालयीय पक्षले पनि प्रभाव पारेको बुझ्न सकिन्छ। साथीभाइको पृष्ठभूमि नमिल्दा पनि यो पक्ष प्रभावित हुन सक्ने देखिएको छ। पठन संस्कृतिका लागि पढ्ने समय, सामग्री छनोट, पढ्ने कारक, पढ्ने रुचि, सामग्री छनोटको क्षेत्र, पठनलाई प्रभाव पार्ने अनेकौं कारक र यसका तत्त्वले बढी प्रभाव पार्दछन्। तसर्थ पठनलाई नियमित बानीका रूपमा अभ्यास गरिनुपर्छ। यदि त्यसो गरियो भने विद्यार्थीको पनि पठन संस्कृति सिकाइ उपलब्धिसँग जोडिन सक्दछ।

## कृतज्ञताज्ञापन र विषयगत द्वन्द्व

प्राज्ञिक लेखनको अध्ययनका सन्दर्भमा प्राज्ञिक साक्षरताका दृष्टिले आदिवासी जनजाति विद्यार्थीको पठन संस्कृति विषयक अध्ययन गरिएको छ। प्रस्तुत सामग्री तयार पार्न कुनै पनि समुदाय, रुचि क्षेत्र तथा सन्दर्भसँग द्वन्द्व नभएको साथै त्यस पक्षलाई प्रस्तुत गर्न नखोजिएको पनि प्रस्ट पार्दछु।

## सन्दर्भसामग्री

अधिकारी, एस., र गौतम, जि. आर. (सन् २०१६). रिडिङ् ह्याबिट्स अफ युनिभर्सिटी स्टुडेन्ट्स् अ केस अफ त्रिभुवन युनिभर्सिटी. *जर्नल अफ नेल्टा, २१*(१-२), १-१०.

अलेक्जेन्डर, पि. ए., र फोक्स्, इ. (सन् २०११). *एडोल्सेन्ट्स् एज रिडर्स. इन ह्यान्डबुक अफ रिडिङ् रिसर्च, ४,* १५७-१७६).

कोठारी, आर. (सन् २००४), *रिसर्च मेथोडोलोजी* (दोस्रो संस्क.), सेज.

किर्कनेस, भि. जे., र बर्नहार्ट, आर. (सन् २००१). फस्ट नेसन्स एन्ड हाइअर एजुकेसनः द फोर आर-रेस्पेक्ट, रिलेभन्स, रेसिप्रोसिटी, रेस्पोन्सिबिलिटी. *जर्नल अफ अमेरिकन इन्डियन एजेकसेन, ३०*(३), १-१५.

गुरुङ्, ए. ज., र तामाङ्, आर. (सन् २०१८). इन्क्लुजन अफ जनजाति ग्रप्स् इन हाइअर एजुकेसन. *जर्नल अफ सोसल इन्क्लुजन स्टडिज, ४*(१), ५९-७३.

ग्याम्बेल, एल. बि. (सन् २०१५). गेटिङ् स्टुडेस्ट्स् हुक्ड अन द रिडिङ् ह्याबिट. *द रिडिङ् टिचर, ६९*(३), २५९-२६३.

तामाङ्, एन. (सन् २०२१). रिप्रेजिन्टेसन अफ इन्डिजेनस नलेज इन नेपाली करिकुलम. *नेपाल जर्नल अफ इन्डिजेनस स्टडिज, ५*(१), २२-३४.

थापा, डि., र पौडेल, आर. (सन् २०२३). कल्चरल्ली इक्लुसिभ टिचिङ् प्राक्टिसेज इन नेपलिज युनिभर्सिटिज. *जर्नल अफ एजुकेसन एन्ड रिसर्च, १३*(१), ७७-९२.

न्यौपाने, महेन्द्र. (२०८१). माध्यमिक तहका विद्यार्थीहरूको पठन संस्कृतिले शैक्षिक उपलब्धिमा पारेको प्रभाव. *विकासको निम्ति शिक्षा, २७*(१), ११७-१३८.

म्याकिल्ने, ए., र स्मिथ, एल. टि. (सन् २०१९). *ह्यान्डबुक अफ इन्डिजेनस एजुकेसन.* स्प्रिङगर.

पौडेल, पि., र राना, के. (२०२०). एसेस्मेन्ट इन हाइअर एजुकेसन इन नेपालः इस्युज एन्ड च्यालेन्जेज. *एजुकेसनल रिभ्यु, ७२*(१), ३४-५२.

प्रेटोसियस, ए. जे., र मोख्वेसना, एम. एम. (सन् २००९). पुटिङ् रिडिङ् इन कल्चर कन्टेक्स्ट. *पर्सपेक्टिभ्स् इन एजुकेसन, २७*(४), १५-२७.

बाटिस्ट, एम. (सन् २०१३). *डिकोलोनाइजिङ् एजुकेसनः नौरिसिङ् द लर्निङ् स्पिरिट.* पुरिच पब्लिसिङ्.

बिक्म्यान, एल., डुबे, सि.,पोट्जिटर, एच.,एन्ड अन्डरहिल, जे. (सन् २०१६), *एक्याडेमिक लिटरेसी* (दोस्रो संस्क.), जुटा एन्ड कम्पनी.

बिसप, आर. (सन् २००३). चेन्जिङ् पावर रिलेसन इन एजुकेसनः काउपाडा माओरी मेसेजेज फर मेनस्ट्रिम एजुकेसन. *कम्प्यारेटिभ एजुकेसन, ३९*(२), २२१-२३८.

भिगोत्स्की, एल. एस. (सन् १९७८). *माइन्ड इन सोसाइटीः द डेभ्लपमेन्ट अफ हाइअर साइकोलोजिकल प्रोसेस.* हार्वर्ड युनिभर्सिटिज प्रेस.

युनेस्को. (सन् २०१५). *एजुकेसन फर अल ग्लोबल मोनिटरिङ् रिपोर्ट.* पेरिसः युनेस्को.

लि, एम. आर., र स्ट्रिट, बि. भि. (सन् २००६). द एक्याड्मिक लिट्रेसिज मोडेल, थ्यौरी एन्ड एप्लिकेसन्स. *थ्यौरी इन टु प्राक्टिस, ४५*(४), ३६८-३७७.

शैक्षिक गुणस्तर परीक्षण केन्द्र. (२०७३). *न्यून तथा उच्च सिकाइ उपलब्धिका कारक पक्षहरूः विद्यालय मामला अध्ययन–२.* स्वयम्, शैक्षिक गुणस्तर परीक्षण केन्द्र.

सुब्बा, सि. (सन् २०१४). *एजुकेसन एन्ड इन्क्लुजन अफ इन्डिजेनस पिपल इन नेपाल.* नेसनल फाउन्डेसन फर डेभ्लप्मेन्ट अफ इन्डिजेनस नेसनलिटिज.

सोडारी, सुजन. (सन् २०२२). पढाइ सिप शिक्षणका सन्दर्भमा पठन संस्कृति. *इन्नोभेटिभ रिसर्च जर्नल, १९*(१०), २२३-२३०.

श्रेष्ठ, एस., र खनाल, बि. (सन् २०२२). लाइब्रेरी एक्सेस एन्ड डिजिटल डिभाइड इन नेपलिज युनिभर्सिटिज. *एजेकेसनल डेभ्लप्मेन्ट जर्नल,* ४(२), ४१-५६.

**लेखक**

शक्तिराज नेपाल त्रिभुवन विश्वविद्यालयअन्तर्गत महेन्द्ररत्न क्याम्पस, ताहाचलमा, उपप्राध्यापकका रूपमा कार्यरत हुनुहुन्छ । उहाँले सांस्कृतिक अध्ययनअन्तर्गत डायस्पोरा साहित्यमा एमफिल पूरा गर्नुभएको छ । उहाँ हाल विद्यावारिधि ९एजम्० अनुसन्धानरत हुनुहुन्छ । उहाँले त्रिभुवन विश्वविद्यालयबाट नेपाली शिक्षा विषयमा एमएड, सार्वजनिक प्रशासनमा एमपिए र नेपाली साहित्यमा एमए उपाधि प्राप्त गर्नुभएको छ। । उहाँका शैक्षिक रुचिमा प्राज्ञिक तथा शैक्षिक लेखन, सबाल्टर्न अध्ययन, पठन तथा लेखन संस्कृतिको अध्ययन, बहुभाषिकता तथा भाषा शिक्षाका परिवर्तनशील र नवीन प्रकारका शैक्षिक अनि अनुसन्धानात्मक अभ्यासहरूमा सहभागिता एवम् सक्रियता जनाउने आदि छन् ।